**आकाशवाणी समाचार- नेपाली**

मितिः २२ जुन २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- केन्द्रीय गृहमन्त्री अमित शाह आज दुई दिने छत्तीसगढ भ्रमणमा जानुहुनेछ। गृहमन्त्री अमित शाहले एक  अन्तर्वार्तामा भारतले पाकिस्तानसँगको सिन्धु जल सन्धि कहिल्यै पनि पुनर्स्थापित नगर्ने बताउनुभएको छ।

- अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानको फोर्डो सहित तीन परमाणु स्थलहरूमा सफल आक्रमण गरिएको बताउनु भएको छ।

- नाइजेरियाको उत्तरपूर्वी राज्य बोर्नोमा भएको आत्मघाती बम विस्फोटमा कम्तिमा १२ जनाको मृत्यु भएको छ भने ३० जना घाइते भएका छन्।

- मौसम विभागले आज मध्य प्रदेश, कोंकण, गोवा, मध्य महाराष्ट्र, गुजरात, पूर्वी राजस्थान, दक्षिण हरियाणा, पञ्जाब, उत्तर प्रदेश, हिमाचल प्रदेश, उत्तराखण्ड, उप-हिमालयी पश्चिम बंगाल र सिक्किममा भारी वर्षा हुने अनुमान व्यक्त गरेको छ।

**अमित शाह**

केन्द्रीय गृहमन्त्री अमित शाह आज दुई दिने छत्तीसगढ भ्रमणमा जानुहुनेछ। यस क्रममा उहाँले राजधानी रायपुर र नारायणपुर जिल्लामा धेरै कार्यक्रमहरूमा भाग लिनुहुनेछ।

**गृहमन्त्री अमित शाह**

गृहमन्त्री अमित शाहले भारतले पाकिस्तानसँगको सिन्धु जल सन्धि कहिल्यै पनि पुनर्स्थापित नगर्ने बताउनुभएको छ। उहाँले पाकिस्तान जाने अतिरिक्त पानी राजस्थानमा लैजान सरकारले नहर निर्माण गर्ने बताउनुभएको छ। एक समाचार पत्रलाई दिनुभएको अन्तर्वार्तामा गृहमन्त्रीले आतंकवादप्रति शून्य सहनशीलताको सरकारको नीति अक्षुण्ण रहेको बताउनुभएको छ। श्री शाहले सरकारले कश्मीर, नक्सल क्षेत्र र उत्तरपूर्वमा आतंकवादको मूल कारणहरु हटाउन काम गरिरहेको पनि बताउनुभएको छ।उहाँले भारत विश्वमा लगानी गर्नको लागि सबैभन्दा सुरक्षित र उत्तम ठाउँ रहेको पनि बताउनुभयो। गृहमन्त्रीले भारत पारदर्शी नीतिहरू र विशाल उपभोक्ता बजार भएको लोकतान्त्रिक देश हो भनि बताउनुभयो। उहाँले २०१४ देखि, सरकारले विकासको लाभहरु सम्पूर्ण देशमा समान रूपमा पुग्ने कुरा सुनिश्चित गरेको पनि बताउनुभयो। श्री शाहले भारत विश्वव्यापी आर्थिक महाशक्ति बन्ने दिशामा अघि बढिरहेको बताउनुभयो।

**अमरीका हमला-ईरान**

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानको फोर्डो सहित तीन परमाणु स्थलहरूमा सफल आक्रमण गरिएको बताउनु भएको छ। एक सामाजिक सञ्जाल पोस्टमा उहाँले अमेरिकाले इरानको फोर्डो, नातान्ज र इस्फहान परमाणु स्थलहरूमा हवाई

आक्रमण गरेको र सबै विमानहरू इरानको हवाई क्षेत्रबाट बाहिर निस्किएको बताउनुभएको छ। श्री ट्रम्पको घोषणाले यो द्वन्द्वमा अमेरिका आधिकारिक रूपमा इजरायलको साथमा रहेको स्पष्ट पारेको छ।

**नाइजीरिया-विस्फोट**

नाइजेरियाको उत्तरपूर्वी राज्य बोर्नोमा भएको आत्मघाती बम विस्फोटमा कम्तिमा १२ जनाको मृत्यु भएको छ भने ३० जना घाइते भएका छन्। पुलिसले विस्फोटक पदार्थ लगाएकी एक महिला आक्रमणकारीले भीडभाड भएको माछा बजारमा प्रवेश गरी आफूलाई विस्फोट गराएको बताएको छ। घाइतेहरूलाई अस्पताल लगिएको छ। अफ्रिकी राष्ट्र बोर्नो राज्य १६ वर्षदेखि विद्रोहको केन्द्र रहेको छ।

**श्रीलंका - ऑपरेशन सिंधु**

श्रीलंकाले अपरेशन सिन्धु अन्तर्गत इरानबाट भारतीय नागरिकसँगै श्रीलंकाली नागरिकहरूलाई फिर्ता ल्याउन समयमै सहयोग गरेकोमा भारत सरकारप्रति आभार व्यक्त गरेको छ। श्रीलंकाको विदेश मन्त्रालयले सामाजिक सञ्जाल पोस्टमा ऐक्यबद्धताको यो कार्य भारत र श्रीलंका बीचको बलियो र दिगो साझेदारीको एक महत्त्वपूर्ण उदाहरण हो र श्रीलंकाका जनताले यसका लागि भारतको धेरै प्रशंसा गरेको छ  भनि बताएको छ।

**नेपाल-श्रीलंका-ऑपरेशन सिंधु**

नेपाल र श्रीलंकाले अपरेशन सिन्धु अन्तर्गत इरानबाट आफ्ना नागरिकहरूलाई फिर्ता ल्याउन सहयोग गरेकोमा भारत सरकारप्रति आभार व्यक्त गरेको छ। नेपालका विदेशमन्त्री आरजु राणा देउबाले सामाजिक सञ्जालमा एक पोस्ट गर्दै विद्यार्थीहरूलाई फिर्ता ल्याउन सहयोग गरेकोमा भारतका विदेशमन्त्री डा. एस. जयशंकरलाई धन्यवाद दिनुभएको छ। सुश्री देउवाले भारतको सहयोगले दुई देशबीचको बलियो साझेदारीलाई प्रतिबिम्बित गर्ने बताउनुभयो।

**त्रिपुरा**

त्रिपुरामा, राज्य सरकारले पछिल्लो वाम मोर्चा सरकारको समयमा राजनीतिक हिंसामा मारिएकाहरूका नजिकका आफन्तहरूलाई सरकारी नौकरी दिने निर्णय गरेको छ।

**ब्राजील- दुर्घटना**

ब्राजिलको दक्षिणी राज्य सान्ता कैटरीनाको प्राया ग्रांडेमा हिजो राति तातो हावाको बेलुन विस्फोट हुँदा आठ जनाको मृत्यु भएको छ। गभर्नर जोर्जिन्हो मेलोले बेलुनमा २१ जना सवार रहेको पुष्टि गर्नुभएको छ जसमध्ये पाइलट सहित १३ जना बाँचेका छन्। घाइतेहरूलाई नजिकैको अस्पतालमा लगिएको छ। ब्राजिलका राष्ट्रपति लुइज़ इनासियो लूला दा सिल्वाले पीडित परिवारप्रति समवेदना व्यक्त गर्नुभएको छ।

**मौसम**

मौसम विभागले आज मध्य प्रदेश, कोंकण, गोवा, मध्य महाराष्ट्र, गुजरात, पूर्वी राजस्थान, दक्षिण हरियाणा, पञ्जाब, उत्तर प्रदेश, हिमाचल प्रदेश, उत्तराखण्ड, उप-हिमालयी पश्चिम बंगाल र सिक्किममा भारी वर्षा हुने अनुमान व्यक्त गरेको छ। आज झारखंड, गांगेय पश्चिम बंगाल, दिल्ली, केरला र तटीय कर्नाटकमा भारी वर्षा हुने अनुमान गरिएको छ।मौसम विभागले जालहारीहरुलाई गुजरात तट, सम्पूर्ण कोंकण तट, सोमालिया तट र छेउछाउको समुद्री क्षेत्र, ओमान र यमन तट अनि छेउछाउको समुद्री क्षेत्र, मध्य र उत्तर, दक्षिण अरब सागर अनि उत्तरपूर्वी अरब सागरका धेरै भागहरूमा नजान सल्लाह दिएको छ।